# धार्चे गाउँपालिकाको

# खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि

# २०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०९/०३

प्रमाणिकरण मिति : २०७९/०९/०३

धार्चे गाउँपालिका
Dharche Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
माछिखोला, गोरखा, गण्डकी प्रदेश, नेपाल
Machhikhola, Gorkha, Gandaki Provine, Nepal

धार्चे गाउँपालिकाको कार्यालय

माछीखोला, गोरखा

गण्डकी प्रदेश, नेपाल

धार्चे गाउँपालिकाको

खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि – २०७९

कार्यपालिकावाट स्वीकृत मिति :२०७९/०७/०३

प्रस्तावनाः खेलकूदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुमपान, मद्यपान, लागु पदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित खेलकुदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकूद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा धार्चे गाउँपालिका क्षेत्रभित्रका खेलाडीहरुलाई सहभागी गराउन एवं गाउँपालिका, भित्र रहेका खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम हुन वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ वमोजिम धार्चे गाउँपालिकाले खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि – २०७९ बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"धार्चे गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि – २०७९"** रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(३) यो कार्यविधि धार्चे गाउँपालिकाको शैक्षिक संस्थाहरु, क्लबहरु, खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"खेलकुद विकास समिति"** भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ ।

(ख) **"संयोजक"** भन्नाले खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ग) **"सदस्य"** भन्नाले खेलकुद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(घ) **"सदस्य-सचिव"** भन्नाले खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(ङ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) **"खेलकुद"** भन्नाले धार्चे गाउपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ

(छ) **"खेलाडी"** भन्नाले टिम, क्लब, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।

(ज) **"प्रशिक्षक"** भन्नाले धार्चे गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणको प्रशिक्षक सम्झनु पर्छ ।

(झ) **"प्रशिक्षार्थी"** भन्नाले गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लब, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(ञ) **"प्रोत्साहन"** भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनुपर्दछ ।

(ट) **"गाउँपालिका"** भन्नाले धार्चे गाउँपालिका सम्झनु पर्छ ।

(ठ) "कार्यपालिका" भन्नाले धार्चे गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ड) "कार्यविधि" धार्चे गाउँपालिकाको खेलकुद विकास समिति कार्यविधि (गठन तथा परिचालन) २०७९ लाई सम्झनु पर्छ ।

(ढ) "अध्यक्ष" भन्नाले धार्चे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ण) "उपाध्यक्ष" भन्नाले धार्चे गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धार्चे गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(थ) "शाखा प्रमुख" भन्नाले धार्चे गाउँ कार्यपालिकाको शिक्षा शाखा प्रमुख सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य

३. खेलकुद विकास समितिका उद्देश्यहरु :

(क) गाउँको खेलकुदलाई व्यवसायिक रुपमा विकास गर्नको लागि नियमित खेलकुद प्रशिक्षण सञ्चालन गर्ने ।

(ख) कला, संस्कृति र खेलकुद विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुऱ्याउने ।

(ग) गाउँ क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्ने तथा सम्बद्ध प्रशिक्षण निकायका बिचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

(घ) स्वस्थ प्रतिस्पर्शको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने ।

(ङ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने ।

(च) खेलकुदको माध्यमबाट गाउँबासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने ।

(छ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

(ज) खेलकुद विकासको निम्ति भौतिक पुर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

(झ) खेलकुद गतिविधिहरुलाई संस्थागत रूपमा विकास गर्दै लैजाने

(ञ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीविहरुलाई समेत शारीरिक व्यायामको माध्यमबाट स्वास्थ्य रहनको सहयोग पुर्याउने ।

(ट) धार्चे गाउँपालिका भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्ने ।

(ठ) टिम क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरूको व्यवस्थापन गर्ने ।

(ड) गाउँपालिका अन्तर्गत शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

(ट) खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

(ण) खेलप्रेमी संघ संस्था, क्लब र अन्य महानुभावबाट खेल विकासको लागि सहयोग जुटाउन एक खेलकुद विकास कोष खडा गर्ने ।

## परिच्छेद-३
## खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

४. खेलकुद विकास समितिको गठन : (१) खेलकुदको विकास गर्नको लागि धार्चे गाउँपालिकामा देहाय बमोजिमको १७ सदस्यीय "खेलकुद विकास समिति" को गठन हुनेछः-

(क) गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति -संयोजक

(ख) विभिन्न विधाका खेलकुदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित १ जना -सदस्य

(ग) गाउँ, जिल्ला, प्रदेश तथा राष्ट्रिय खेल जगतमा प्रतिष्ठा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीहरुबाट कार्यपालिकाबाट मनोनित कम्तीमा एक जना सहित बढीमा ३ जना -सदस्य

(घ) प्रत्येक वडा खेलकुद समितिका संयोजकहरु वा निजले तोकेको व्यक्ति १/१ जना गरी सदस्य ७ जना -सदस्य

(ङ) गाउँ स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लबहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्ये कार्यपालिकाद्वारा मनोनित १ जना -सदस्य

(छ) सामाजिक विकास समितिको संयोजक -सदस्य

(छ) शिक्षा शाखा प्रमुख वा निजले तोकिएका कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमका सदस्यहरुको मनोनयन गर्दा कम्तीमा ३३% (तेत्तिस प्रतिशत) महिला पर्ने गरी मनोनयन गर्नु पर्नेछ ।

(३) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्ला खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई बिशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद विकास समिति गठन गर्नुपर्नेछ ।

(५) आवश्यकता अनुसार विषयगत खेलकुद विकास समिति गठन गर्न सकिनेछ ।

(६) गाउँपालिका स्तरीय खेलकुद विकास समितिको चिन्ह र छाप अनुसूचि १ बमोजिम हुनेछ ।

५. **खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः** खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका स्तरीय वार्षिक खेलकुद क्यालेण्डर र बजेट स्वीकृत गर्ने,

(ख) स्थानीय स्तरका खेलकुदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकुदको स्तर वृद्धि गर्न गाउँपालिका स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरूको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने/गराउने, तथा उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने/गराउने,

(ङ) खेलकुद सम्बन्धी प्रतियोगितामा वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गाउँपालिका, नगरपालिका, जिल्ला, प्रदेश र संघमा पठाउने ।

(च) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लब, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समस्य गर्ने र आवश्यकमा निर्देशन दिने,

(छ) स्थानीय सरकारलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(झ) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र आदिको स्रष्टा एवंम निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(ञ) खेलकुदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ट) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार तालिम हासिल गर्नका लागि पठाउने,

(ठ) गाउँपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ड) खेलाडीको स्वास्थ्यको प्रवर्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ढ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने/गराउने,

(ण) विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने/गराउने,

(त) प्रशिक्षकहरुको व्यवस्था गरी विभिन्न विषयगत खेलकुद प्रशिक्षण तथा शिविरहरु सञ्चालन गर्ने/गराउने

(थ) खेलकुद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(द) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने

(ध) कानुनतः दर्ता भएको खेलकुदसँग सम्बन्धित गाउँपालिका क्षेत्रभित्रका क्लब वा संस्थाहरुको अभिलेख राख्ने ।

**६. निर्देशक समिति :** (१) धार्चे गाउँपालिकाको खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिन तपसिल बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) प्रमुखः गाउपालिका अध्यक्ष

(ख) सदस्यः गाउँपालिकाको उपाध्यक्ष

(ग) सदस्यः सामाजिक विकास समितिको संयोजक

(घ) सदस्यः प्रमुख प्रशासकीय अधिकृत

(ङ) सदस्यसचिवः प्रमुखद्वारा तोकिएको अधिकृत

(२) निर्देशक समितिले खेलकुद विकास समिति वा अन्य खेलकूद सम्बन्धी संस्था समितिहरुलाई खेलकुद विकासको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु खेलकुद सम्बन्धी समिति/संस्थाको कर्तव्य हुनेछ ।

**७. वडास्तरीय खेलकुद विकास समिति :** (१) वडास्तरमा खेलकुदको विकास गर्नको लागि प्रत्येक वडामा देहाय बमोजिमको सदस्यीय "वडास्तरीय खेलकुद विकास समिति" को गठन हुनेछः-

(क) वडा अध्यक्षले तोकेको व्यक्ति -संयोजक

(ख) वडाभित्रका विभिन्न विधाका खेलकुदका विज्ञहरु, खेलाडी वा पूर्व खेलाडी मध्येबाट वडा समितिबाट मनोनित एकजना महिला सहित २ जना -सदस्य

(ग) वडा स्तरमा खेलकुद सम्बन्धी संस्था तथा क्लबहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(घ) सामुदायिक विद्यालयका खेलकुद शिक्षक वा शिक्षक मध्ये संयोजकले मनोनित १ जना -सदस्य

(ङ) वडा सचिव -सदस्य सचिव

**८. वडास्तरीय खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :** वडास्तरीय खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडास्तरीय खेलकुद कार्यक्रम संचालन गर्ने/गराउने,

(ख) वडा स्तरका खेलकुदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकासको लागि वडा समितिलाई सल्लाह सुझाव दिने,

(ग) खेलकुदको स्तर वृद्धि गर्न गाउँपालिका स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुमा खेलाडीहरुलाई सहभागी गराउने,

(घ) खेलकुद विकास समितिलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ङ) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति समक्ष सिफारिस गर्ने,

(च) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने/गराउने।

(छ) कानुनत दर्ता भएको खेलकुदसँग सम्बन्धित वडा भित्रका क्लब वा संस्थाहरुको अभिलेख राख्ने।

**९. संयोजकको काम, कर्तव्य र अधिकार :**

(क) खेलकुद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्ष हुनेछ ।

(ख) खेलकुद प्रतियोगिताहरूको वार्षिक कार्ययोजना तयार गरी आयोजना, संचलन तथा व्यवस्थापन गर्ने, गराउने,

(ग) अन्तर स्थानीय तह, जिल्ला प्रदेश र राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरूमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने,

(घ) खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँकार्यपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने,

(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने/गराउने,

**१०. सदस्य सचिवको काम कर्तव्य र अधिकार :**

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

(ख) बैठक माइन्युटिङ उठाउने र बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) आर्थिक हिसाब किताब चुस्त दुरुष्त राख्ने।

(च) लेखा परिक्षण गराउने ।

**११. सदस्यहरको काम कर्तव्य र अधिकार :**

(क) समितिको बैठकमा उपस्थित हुने र निति, योजना निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउने।

(ग) बिषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम, क्लब संस्थाले आयोजना गरेको प्रशिक्षण, सभा, गोष्ठीमा खेलकुद विकास समितिले तोके बमोजिम प्रतिनिधित्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

(घ) समितिको निर्णय बमोजिम तोकिएको जिम्मेवारी बहन गर्ने ।

**१२. समितिका सदस्यहरुको पदावधि :** (१) समितिका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ । स्थानीय तहको निर्वाचन पश्चात पुन यही कार्यविधि बमोजिमको समितिहरु गठन हुनेछ ।

(२) समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हनु आएमा बाँकी पदावधिको लागि दफा ४ र उपदफा १ को प्रकृया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ त्यस्तो कारबाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट वञ्चित गरिने छैन ।

१३. सदस्यको अयोग्यता : देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) धार्चे गाउँपालिका क्षेत्र बाहिरका नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ग) मगज बिग्रिएको,

(घ) १८ (अठार) वर्ष उमेर पूरा नभएको (पदेन सदस्यबाहेक) ।

Dharche Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
माछीखोला, गोरखा, गण्डकी प्रदेश, नेपाल
Machhikhola, Gorkha, Gandaki Province, Nepal

१४. सदस्यता समाप्त हुने अवस्था देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा १३ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

१५. समितिको बैठक : (१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१(एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक प्रत्येक ३/३ महिनामा अनिवार्य बस्नु पर्नेछ । वर्षको कम्तीमा ४ पटक बस्नेछ । समितिका आवश्यकता अनुसार बैठक बस्न सक्नेछ।

(५) जम्मा सदस्य संख्याको एक तिहाई सदस्यहरूले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस् भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय लागु हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(७) बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

(८) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राखेछ ।

(९) बैठक सम्बन्धी अन्य व्यवस्था समितिको आफैं तयारी गरे बमोजिम हुनेछ ।,

## परिच्छेद-४

## खेलकुद विकास कोषको व्यवस्था

१६. खेलकुद विकास कोषको व्यवस्था (१) खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि धार्चे गाउँपालिकामा खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

(२) कोषको स्रोतहरु देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाले खेलकुद शीर्षकमा विनियोजित रकम,

(ख) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने रकम,

(ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएका रकम,

(घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

(ङ) गाउँपालिकाको वडाबाट अनुदान प्राप्त रकम,

(३) यस कोषको संचालन खेलकुद विकास समितिको निर्णय अनुसार हुनेछ ।

(४) पालिकास्तरीय खेलकुद विकास समितिको संयोजकले बढीमा रु. १०,०००/- सम्म कोषबाट खर्च गर्न सक्नेछ । यसरी गरीएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्यौंट गर्नुपर्नेछ ।

(५) वडा स्तरीय खेलकुद कार्यक्रमको लागि विनियोजित रकम वडास्तरीय खेलकुद विकास समितिको निर्णय र पालिकास्तरीय खेलकुद विकास समितिको सिफारिस बमोजिम वडा स्तरको खेलकुद विकास समितिको बैंक खातामा रकम जम्मा हुनेछ ।

१७. **समितिको खाता संचालन :** (१) गाउँपालिका स्तरी खेलकुद विकास समितिको खाता संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा संचालन हुनेछ ।

(२) गाउँपालिकाबाट विनियोजित बजेटबाट स्वीकृत वार्षिक कार्यक्रम बमोजिम खेलकुद कार्यक्रम वा अन्य खेलकुदसँग सम्बन्धित वर्षको भुक्तानी पेश्की वा बिलभर्पाइको आधारमा खेलकुद विकास समितिको खातामा जम्मा हुनेछ ।

(३) वडा स्तरको प्रस्ताव बमोजिम सञ्चालन भएको खेलकुद कार्यक्रम वा खेलकुदसँग सम्बन्धित खर्चहरू बिलभर्पाइ बमोजिम खेलकुद विकास समितिको खातामा जम्मा हुनेछ । खेलकुद विकास समितिले वडास्तरीय खेलकुद विकास समितिको खातामा वा सोझै नगद भुक्तानी गर्न सक्नेछ ।

(४) वडास्तरी खेलकुद विकास समितिको खाता वडास्तरीय खेलकुद विकास समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा संचालन हुनेछ । पालिकास्तरीय खेलकुद विकास, अन्य कार्यालय, संघसंस्था वा व्यक्तिहरुबाट वडा खुकूद विकास समितिलाई प्राप्त सहयोग रकम सो खातामा जम्मा गरी खर्च गर्नु पर्नेछ ।

१८. **सम्बन्धी समितिले हिसाबको श्रेस्ता राख्नु पर्ने :** (१) खेलकुद सम्बन्धी आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

१९. **सदस्यहरूको भत्ता :** (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत कार्यपालिकाद्वारा तोकिए बमोजिम कार्यपालिका सदस्यहरूले पाउने बैठक भत्ता भन्दा बढी नहुने गरी बैठक भत्ता पाउनेछन् ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिएं बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन् ।

२०. **कार्यक्रम तथा बजेट :** खेलकुद विकास प्रवर्द्धनको लागि खेलकुद विकास समितिले वार्षिक कार्यक्रम तय गर्दा ७ वटै वडाहरुको वार्षिक कार्यक्रम तय गरी एकमुष्ठ गाउँपालिका स्तरीय वार्षिक बजेट तथा कार्यक्रम तय गर्नु पर्नेछ । खेलकुद विकास समितिको वार्षिक कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गराई सो रकमको खर्च गर्नु पर्नेछ ।

परिच्छेद-५

## खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन

२१. **खेलाडीहरुलाई स्वागत कार्यक्रम :** (१) गाउँपालिकाले खेलकुद विकास समितिको सिफारिसमा राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

(२) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान, बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२२ **सम्मेलन कार्यक्रम संचालन :** (१) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

(२) धार्चे गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टिम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।

२३. **खेलकुद प्रतियोगिता सञ्चालन :** (१) टोल र बस्तीहरुको उत्कृष्ट खेलाडीहरु छनौट गरी वडा स्तरको खेलाडीमा छनौट गरिनेछ । वडास्तरको उत्कृष्ट खेलाडीहरुबाट गाउँपालिका स्तरको खेलाडीहरुमा छनौट गरिनेछ ।

(२) खेलकुद विकास समितिले स्वयं वा दर्ता भएका टिम, क्लब वा संघ संस्था मार्फत अन्तर पालिकास्तरीय विभिन्न खेलकुद प्रतियोगिता गर्न सक्नेछ ।

(३) वडास्तरीय खेलकुद विकास सिमितिले गाउँपालिका भरिको वडाहरुलाई समेटी वडास्तरीय खेलकुद प्रतियोगिता गर्न सक्नेछ ।

(४) नगद पुरस्कार वा अन्य खेल व्यवस्थापन सम्बन्धी खर्चको सिमा कोषको अवस्था अनुसार खेलकुद विकास समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **खेलकुद प्रतियोगितामा सहभागिता :** (१) अन्तर स्थानीय तह, जिल्ला, प्रदेश वा राष्ट्रिय स्तरका खेलकुदहरुमा गाउँपालिका क्षेत्रका उत्कृष्ट खेलाडी वा टिमको छनौट गरी सहभागी गराउन सकिनेछ ।

(२) सहभागीहरुको खर्चको मापदण्ड खेलकुद विकास समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उप (२) मा जुनसुकै विषय उल्लेख भए पनि वडाबाट गाउँपालिका स्तरमा र गाउँपालिकाबाट अन्तर स्थानीय तह, प्रदेश वा राष्ट्रिय स्तरमा सहभागी भई नगद पुरस्कार प्राप्त गरेमा सो पुरस्कारको ५० प्रतिशत रकम खेलकुद विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

२५. **खेलकूद तालिम तथा प्रशिक्षण सञ्चालन :** (१) खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तर वृद्धि गर्न लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम तथा प्रशिक्षण दिनेछ ।

(२) खेलकुद विकास समितिको सिफारिस अनुसार प्रशिक्षार्थीहरु गाउँपालिका बाहिर प्रशिक्षणमा समावेश हुन पाउनेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र नै खेल प्रशिक्षण गर्नु परेमा खेल प्रशिक्षकको लागी सम्झौता अनुसार सुविधा पाउने एक जना प्रशिक्षक र एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिने छ । यसरी नियुक्त भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

(४) प्रशिक्षणको लागि प्रशिक्षार्थीहरुको छनौट खेलकुद विकास समितिले छनौट गर्नेछ । प्रशिक्षणको लागि आवश्यक सामग्रीहरु खेलकुद विकास समितिबाट उपलब्ध हुनेछ । प्रशिक्षणको समय अवधि, स्थान र प्रशिक्षार्थीहरुको शुल्क वा अन्य आम्दानी र खर्च सम्बन्धीको कार्यविधि खेलकुद विकास समितिले स्वीकृत भए बमोजिम हुनेछ ।

२६. समितिले स्वीकृति लिनु पर्ने : (१) खेलकुद सम्बन्धी प्रतियोगितामा गाउँपालिका भन्दा बाहिर वा राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा या सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिले गाउँ कार्यपालिकादेखि स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-६
## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

२७. अनुशासनको कारबाही : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचार संहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचार संहिताको उलंघन गरेमा समितिले पहिलो चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा यदी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, क्षार्थी व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ ।

२८. दण्ड पुरस्कार तथा सम्मान : उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट नगद पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

## परिच्छेद-७
## आचार संहिता

२९. आचार संहिता : (१) खेल सम्बन्धी देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालन समयमा कुनै पनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाइने छैन ।

(ख) प्रतिस्पर्धी टिमले तोकिए भन्दा बाहेक टिम बनाउन पाइने छैन ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइने छ ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहिँ कतै बेच्न धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लबले प्रास गरेका शिल्ड, ट्रफि गाउँपालकाको स्वीकृतिमा दर्ता क्लबलाई उपहार दिन भने बाधा पर्नेछैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेदैन, तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्रास आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ हुटिङ्ग, अनुहार मैकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंगित गरी कार्टुन, चित्रकारिता व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको विकास गरी प्रचारप्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न गाउँपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जबर्जस्ती चन्दा उठाउन पाइने छैन ।

(ञ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित समितिबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित, जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

Office of the Municipal Executive
Machhikhola, Gorkha, Gandaki Province, Nepal

३०. **सौजन्यता :** दर्तावाला संस्थाहरूले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राखु पर्नेछ ।

परिच्छेद-८

विविध

३१.**खेलकुद विकास समितिको कार्यालय :** स्थापनाका स्तरीय खेलकुद विकास समितिको कार्यालय प्रयोजनको लागि कोठामा भाडामा लिन सकिने ।

३२. **कर्मचारी व्यवस्थापन :** गाउँपालिका स्तरीय खेलकुद विकास समितिको कामलाई व्यवस्थित बनाउनको लागि खेलकुद विकास समितिले सहायक स्तरको १ कर्मचारीको व्यवस्था गर्न सक्नेछ ।

३३. **कार्यविधिको व्याख्या :** यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

३४. **कार्यविधि संसोधन :** यो कार्यविधिको प्रावधानहरूमा कार्यापालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

३५. **बाधा अड्चन फुकाउ :** धार्चे गाउँपालिकाको खेलकुद संचालन तथा खेलकुद सम्बन्धी अन्य आवश्यक विषयमा निर्णय गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाले गर्नेछ ।

३६. **संरक्षक सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका स्तरीय खेलकुद समितिको संरक्षक गाउँपालिका अध्यक्ष हुनेछन् ।

(२) वडा स्तरीय खेलकुद समितिको संरक्षक वडाअध्यक्ष हुनेछन् ।

३७. **समितिको विघटन :** (१) यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई सामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकाले विघटन गर्न सक्नेछन् ।

(२) यस कार्यविधिमा उल्लेखित उद्देश्य बमोजिम काम गर्न नसक्ने समितिलाई सम्बन्धित वडाको बहुमत वडा प्रतिनिधिहरुको सिफारिस भई आएमा सामाजिक विकास समितिले विघटन गर्न सक्नेछन् ।

३८. **कार्यपालिकासँग सम्पर्क :** खेलकुद समितिले कार्यपालिकासँग सम्पर्क राख्नुपर्दा शिक्षा, युवा तथा खेलकुद शाखा/सामाजिक विकास समिति मार्फत राख्नु पर्नेछ ।

३९. **वार्षिक प्रतिवेदन :** (१) पालिका स्तरीय समितिले आफूले वर्षभरि सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउँपालिकाको अध्यक्षलाई पेश गर्नु पर्नेछ ।

(१) वडा समितिले आफूले वर्षभरि सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र वडा अध्यक्षलाई पेश गर्नु पर्नेछ ।वडा अध्यक्षले उक्त प्रतिवेदन वडा समितिको बैठकमा प्रस्तुत गरी सोको अभिलेख राखु पर्नेछ ।

अनुसूचि -१
परिच्छेद-३
को दफा ४ को उपदफा ६ सँग सम्बन्धित
गाउँपालिका स्तरीय खेलकुद विकास समितिको चिन्ह र छाप

धार्चे गाउँपालिका
Dharche Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
माछिखोला, गोरखा, गण्डकी प्रदेश, नेपाल
Machhikhola, Gorkha, Gandaki Provine, Nepal

१. गाउँपालिकास्तरीय खेलकुद विकास समितिको छाप गोलाकार आकारको हुनेछ।
२. माथिल्लो भागको बाहिरी घेरा खेलकुद विकास समिति, धार्चे गाउँपालिका लेखिएको र तल्लो भागको बाहिरी घेरा अंग्रेजी Block Letter मा **SPORTS DEVELOPMENT COMMITTEE, DHARCHE RURAL MUNICIPALITY** लेखिएको हुनेछ ।
३. बिच भागमा नेपालको झण्डा र झण्डा भन्दा माथि मनासलु हिमाल, झण्डा भन्दा तल धार्चे झल्काउने प्रकृति, धार्चे गाउँपालिकाको मानचित्र र मानचित्रभित्र वि.सं. २०७९ हुनेछ ।

वडास्तरीय खेलकुद समितिले पनि स्वरुप परिवर्तन नहुने गरी यही आधारमा वडा खुल्ने छाप बनाउन सकिने छ ।